
ताराखोला

# ई-बुलेटिन

मासिक

वर्ष-१, अङ्क-२, असोज-२०८०



**ताराखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अर्गल, बागलुङ**

## गाउँपालिकाको प्रशासकीय भवनको शिलान्यास



गाउँपालिकाको प्रशासकीय भवनको यही भाद्र १६ गते शिलान्यास गरिएको छ । गाउँपालिका अध्यक्ष प्रकाश घर्तिले उक्त भवनको शिलान्यास गर्नुभएको थियो । शिलान्यास कार्यक्रममा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, निर्माण कम्पनीका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

## ढोरपाटनका बाढी पीडितलाई राहत वितरण



ढोरपाटन नगरपालिका वडा नं. ८ र ९ मा भाद्र १७ गते गएको बाढी पहिरोको कारण परवार गुमाएका र घरवार बिहिन भएका व्यक्तिहरुलाई भाद्र १८ गते गाउँपालिकाका अध्यक्ष प्रकाश घर्ति मगरज्यूको नेतृत्वमा गाउँपालिकाको टोली रु. बराबरको राहत सामग्री सहित उद्धारमा खटिएको थियो ।

बाढी पीडितहरुलाई गाउँपालिकाको तर्फबाट त्रिपाल - ४० थान, फास्ट फुड सेट - ५० सेट (चाउचाउ-१०, भुजिया-२, विस्कुट-५, फ्रुटि-५, नुहाउने सावुन-२), खाना पकाउने भाडाकुडा — ४० थान, प्राथमिक उपचार किट — २५ थान वितरण गरिएको थियो । उक्त वितरित सामग्रीहरुको भुक्तानी विपद् व्यवस्थापन कोषबाट गर्ने भनि कार्यपालिकाको मिति २०७७।०५।२७ मा निर्णय भएको छ ।

# सार्वजानिक नीजि साझेदारीमा गाईघाट झरनामा पर्यटक गन्तव्य स्थल निर्माण प्रकृया सुरु



गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्य गाईघाट झरनामा साउना, स्वीमिङ्ग पुल, ज्याकुजी, होटेल, रेष्टुरेन्ट जस्ता पर्यटकीय पूर्वाधारहरु सार्वजानिक नीजि साझेदारीमा स्थापना गरी सञ्चालन गर्ने र २० वर्ष पछि उक्त पूर्वाधार गाउँपालिकालाई हस्तान्तरण गर्ने गरी ईच्छुक नीजि क्षेत्रलाई लगानी गर्न मनशाय पत्र पेश गर्ने सम्बन्धी सूचना प्रकाशित गरिएको छ । उक्त सूचना अनुसार मनशाय पत्र विक्री गर्ने काम भईरहेको छ ।

## परिवार नियोजनको स्याटलाईट क्याम्प सम्पन्न




गाउँपालिकाको वडा नं. ५ मा यही भाद्र २८ गते मेरी स्टोप बागलुङको सहयोगमा परिवार नियोजनका अस्थाई साधन आई.यू.सि.डि. र इम्प्लान्ट लगाउने कार्य सम्पन्न भएको छ । उक्त क्याम्पमा ४१ जना महिलाहरुलाई अस्थाई साधन लगाईएको थियो ।

## कार्यपालिकाको ८२ औं बैठक सम्पन्न

गाउँ कार्यपालिकाको ८२ औं बैठक गाउँपालिकाका अध्यक्ष प्रकाश घर्ति मगरको अध्यक्षतामा यही भाद्र २७ गते सम्पन्न भएको छ । बैठकमा बाढी पहिरोको क्षतिको समिक्षा भएको थियो भने बाढी पहिरोका कारण क्षति भएका घर परिवारका सदस्यहरुलाई क्षतिको मात्रा अनुसार रु. ५०००।- देखि रु. २५०००।- सम्म राहत दिने निर्णय भएको थियो । त्यसै गरी भाद्र २४ गते चटयाङ परी मृत्यु भएका भीम बहादुर बस्नेतको परिवारलाई तत्काल राहत स्वरुप रु. २५०००।- उपलब्ध गराउने निर्ण भएको थियो । त्यसै गरी संघीय सरकारको पर्यटन उपज साझेदारी कार्यक्रम अन्तर्गत प्रस्ताव माग भए अनुसार वडा नं. २ मा सास्कृतिक संग्रहालय र वडा नं. ५ मा डुँडेलेक साईकल लेन निर्माण गर्न क्रमशः रु.२६६७६४५१.७५ र रु. १९८२५७८०.०० का आयोजनाहरु प्रस्ताव गरी पठाउने । निर्णय भएको थियो ।

## पाँच शैय्याको अस्थाई अस्पताल स्थापना प्रकृया सुरु



नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्थानीय तहमा कोभिड-१९ अस्थाई अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन २०७७ वमोजिम १ जना डक्टर, २ जना नर्स र १ जना कार्यालय सहयोगी दरबन्दी रहेको अस्थाई अस्पताल वडा नं. ३ स्थित साँधी स्वास्थ्य चौकीमा स्थापना गर्ने निर्णय भएको छ । अस्पताल स्थापनाको लागि आवश्यक सामग्रीहरु खरिद प्रकृया अगाडि बढाईएको छ भने जनशक्ति करारमा पदपूर्ति गर्न विज्ञापन प्रकाशित गरिएको छ ।

## लघुवित्त संस्थाहरुसँग आवद्ध सदस्यहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न

गाउँपालिका क्षेत्रलाई कार्यक्षेत्र बनाई गाउँपालिका क्षेत्रको बासिन्दाहरुबाट बचत संकलन गरी सो संस्थाहरुसँग आवद्ध भएका व्यक्तिहरुलाई ऋण प्रवाह गरी कारोबार गर्दै आएका CYC नेपाल, DCRDC, निर्धन, सूर्योदय, स्वदेशी, NESTO नेपाल लगायत विभिन्न लघुवित्तिय संस्थाहरुबाट अस्वाभाविक रुपमा व्याज संकलन गर्ने, सेवा शुल्क लगायत अनावश्यक रकम संकलन गर्ने, परिचालन भएको ऋण सदुपयोग भए नभएको अनुगमन नगर्ने र विपन्न तथा पिछडिएका क्षेत्रका बासिन्दाहरुलाई गरिबीको दुष्चक्र (Poverty Cycle) मा फसाउने सम्भावना रहेको भन्ने बुझिन आएकोले वडा नं. १ देखि ५ सम्मका त्यस्ता लघुवित्तिय संस्थामा आवद्ध सदस्यहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तरक्रियामा सहभागिहरुले सेवा शुल्क तथा व्याज अस्वाभाविक रहेको गुनासो गरेका थिए ।

गाउँपालिकाले त्यस्ता लघुवित्तिय संस्थाहरुलाई गाउँपालिका क्षेत्रभित्र आवद्ध रहेका सदस्यहरुको विवरण, संस्थाले लिने गरेको व्याजदर- सेवा शुल्क तथा हालसम्म गाउँपालिकाबाट संकलन भएको वचत र परिचालन भएको ऋणको विवरण सहित छलफलको लागि गाउँपालिकामा संस्थाका प्रतिनिधिहरुलाई कागजात सहित उपस्थित हुन पत्राचार गरिएको छ ।

## डिजिटल भिलेज प्रोफाईल निर्माण प्रकृया शुरु

गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल तयार गर्न XELWEL innovation Pvt.Ltd. सँग सम्झौता भएको छ । डिजिटल प्रोफाईल तयार गर्न गाउँपालिकाको प्रत्येक वडाबाट पाँच-पाँच जनाको दरले तथ्याङ्क संकलन खटाउने कार्य सम्पन्न भएको छ ।

## वडा स्तरीय कृषि सञ्जालको पुनर्गठन

गाउँपालिकाको वडा नं. ४ मा यही भाद्र २९ गते वडा स्तरीय कृषि सञ्जालको गठन गरिएको छ । उक्त सञ्जालमा हाल ११ सदस्य समिति तयार गरिएको छ । जसमा अध्यक्ष भीम बहादुर वि.क. रहेका छन् भने सचिव महेन्द्र श्रेष्ठ र कोषाध्यक्ष मनरुपा क्षेत्री रहेका छन् ।

ताराखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ

प.सं. ०७७।०७८
च.नं. ४०५

करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना
*(प्रथम पटक प्रकाशित मिति : २०७७।०५।२८)*

यस गाउँपालिकामा कोभिड १९ व्यवस्थापनको लागि अस्थायी अस्पताल संचानल गर्न तपशिल बमोजिमको पदमा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल बमोजिमको कागजात सहित यस कार्यालयमा वा ito.tarakholamun@gmail.com मा तपशिलको बैक खातामा तपशिल बमोजिमको दस्तुर भौचर वा नगद विल सहित निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

**क. रिक्त पदको विवरण :-**

| क.स. | विज्ञापन नं. | पद | संख्या | योग्यता | दस्तुर | मासिक तलब |
|---|---|---|---|---|---|---|
| १. | ०५-०७७/०७८ | मेडिकल अधिकृत | १ | MBBS कोर्ष उर्त्तीण गरी NMC मा दर्ता भएको हुनुपर्ने | १०००।- | करार सम्झौतामा उल्लेख भए बमोजिम |
| २. | ०६-०७७/०७८ | स्टाफ नर्स | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स कोर्ष उर्त्तीण गरेको हुनुपर्ने | ६००।- | करार सम्झौतामा उल्लेख भए बमोजिम |
| ३. | ०७-०७७/०७८ | कार्यालय सहयोगी | १ | साधारण लेखपढ | २००।- | करार सम्झौतामा उल्लेख भए बमोजिम |

**ख. संलग्न गर्नुपर्ने कागजात:**

- व्यक्तिगत निवेदन
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- अनुभवको प्रमाण पत्रको प्रतिलिपि (अनुभव भएमा)

**ग. उमेर हद** :- कार्यालय सहयोगी र मेडिकल अधिकृतको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिला उम्मेदवारको लागि ४० वर्ष ननाघेको) र अन्यको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**घ. छनौट प्रकृया**:-गाउँपालकाले करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि २०७४ मा उल्लेखित विधिबाट छनोट गरिनेछ ।

**ङ. परीक्षा दस्तुरः**- तारारखोला गाउँपालिकाको प्रभु बैंक, ताराखोला शाखा बागलुङमा रहेको मुल सञ्चित कोष खाता नं. १६७०१०९८५१०००१३ मा जम्मा गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# तारखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
अर्गल, बागलुङ

गण्डकी प्रदेश, नेपाल ।

प.सं. ०७७।०७८
च.नं.

मितिः२०७७।०५।३०

**करारमा सेवा लिने सम्बन्धी (परिमार्जित तथा म्याद थप गरिएको) सूचना ।**

(सूचना प्रकाशित मितिः २०७७/०५/३०)

यस कार्यालयको लागि पशु सेवा शाखा अन्तर्गत रहने गरी नायव पशु सेवा प्राविधिकको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको ७ दिन भित्र राजश्व तिरेको रसिद सहित दस्ताखत दिनुहुन वा ito.tarakholamun@gmail.com मा पठाउनुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क.स. | विज्ञापन नं. | पद | संख्या | योग्यता | दस्तुर | मासिक तलब सुविधा |
|---|---|---|---|---|---|---|
| १. | ०४-०७७-०७८ | ना.प.से.प्रा. | २ | मान्यता प्राप्त शिक्षण संस्था बाट पशुपालन जे.टि.ए. वा सो सरह उत्तीर्ण गरेको । | ४००।- | स्थानीय तहको सहायक चौथो तह सरह । |

संलग्न गर्नुपर्ने कागजातहरुः

- व्यक्तिगत निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यता, तालिम प्रमाणपत्र र अनुभव प्रमाणपत्रको प्रतिलिपि
- उमेर हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

छनौट विधीः

- गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७४ बमोजिम।
- परीक्षा दस्तुर तारखोला गाउँपालिकाको प्रभु बैंक तारखोला शाखा बागलुङमा रहेको खाता नं. १६७०१०९८५१०००१३ मा जम्मा गर्न सकिनेछ ।
- थप जानकारीको लागि पशु स्वास्थ्य प्राविधिक चिन्तामणी शर्मा (९८५७६२१८१२) मा सम्पर्क गर्न सकिनेछ ।

परिक्षाको मिति र समयः

- योग्य उम्मेदवारको छोटो सूची प्रकाशन २०७७/०६/०६ गते विहान ११:०० बजे ।
- अन्तरवार्ता मितिः २०७७/०६/०८ गते विहान ११ बजे देखि ।
- अन्तरवार्तामा आउँदा उम्मेदवारले सक्कल प्रमाणपत्र सहित उपस्थित हुनुपर्नेछ ।

तराखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश नेपाल।

# सार्वजनिक निजी साझेदारीमा गाईघाट झरनामा पर्यटन पूर्वाधार निर्माण गर्ने सम्बन्धी मनशाय पत्र (EOI) मागको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०५।१९

गाउँपालिकाको तपशिल बमोजिमको आयोजना सार्वजानिक निजी साझेदारीमा निर्माण, सञ्चालन र २० वर्ष पछि पूर्वाधार गाउँपालिकालाई हस्तान्तरण गर्न चाहने व्यक्ति/फर्म/संस्थाहरुले तपशिल बमोजिमको कागजातहरु संलग्न गराई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र मनशाय पत्र पेश गर्नुहुन सार्वजानिक निजि साझेदारी इकाई प्रवर्धन समितिको मिति २०७७।०५।१६ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

१. आयोजनाको विवरण

| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यन्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | गाईघाट झरनामा पर्यटन पूर्वाधार (साउना, स्वीमिङ्ग पुल, ज्याकुजी, होटल/रेष्टुरेन्ट) निर्माण | ताराखोला गाउँपालिका वडा नं. १ | पूर्वाधारको ड्इङ्ग, डिजाइन, लागत अनुमान प्रस्तावदाताबाट तयार गर्नुपर्ने |

२. मनशाय पत्रका लागि आवश्यक कागजातहरु

- निवेदन
- नविकरण भएको कम्पनी/फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि (व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि)
- कर चुक्ता प्रमाण-पत्र (कम्पनी/फर्म), व्यक्तिको हकमा PAN परिचयपत्र
- कम्पनी/फर्मको विगत ३ वर्षको लेखा परिक्षणको प्रतिवेदन
- मनशाय पत्र (गाउँपालिकाबाट रु. ३,०००।- मा खरिद गर्न सकिने)
- मनशाय पत्र खरिदको लागि ताराखोला गाउँपालिकाको प्रभु बैङ्क ताराखोला शाखाको मूल सञ्चित कोष खाता नं. १६७०१०९८५१०००००१३ विस्तृत जानकारीको लागि ९८५७६२२९५० मा सम्पर्क गर्न सकिने छ।
- मनशाय पत्र सम्बन्धी कागजातहरु गाउँपालिकाको ईमेल ठेगाना ito.tarakholamun@gmail.com मा पठाउन सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

"कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पुर्वाधार:

तारारवोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल।

## साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१८)**

यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले पकेट संचालन गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म तथा उद्यमी कृषकहरुले तपशिल बमोजिमका कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपुर्वककको निवेदन गाउँपालिकाको कृषि शाखामा दर्ता गराउनुहुन वा गाउँपालिकाको ईमेल ठेगाना ito.tarakholamun@gmail.com मार्फत पठाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

**१. साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः ५ वटा**

- **संचालन हुने क्षेत्रः** तारारवोला गाउँपालिका
- **वालीहरुः** खाद्यान्न वाली, दलहन वाली, तेलहन वाली, तरकारी वाली, मसला वाली, फलफुल वाली, च्याउ, मौरीपालन, माछापालन आदि।
- **आवश्यक क्षेत्रफलः** खाद्यान्न वाली, दलहन वाली, तेलहन वाली, तरकारी वाली, मसला वाली, फलफुल वालीको लागि न्युनतम १० हेक्टर, माहुरीकोल लागि कम्तिमा ५०० घार, सिताके च्याउको लागि कम्तिमा १०,००० मुढा, कन्य तथा गोब्रे च्याउको हकमा न्युनतम १००० के.जी. विउ प्रयोग हुने, प्लाष्टिक घरमा गरिने खेतिको हकमा न्युनतम १ हेक्टरको क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु, माछापालनको लागि कम्तिमा ६ हेक्टर जलाशय क्षेत्रफलमा फैलिएको वा ट्राउट माछाको हकमा न्यूनतम १५०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको हुनुपर्ने ।

**२. बाखाको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः ३ वटा**

- **संचालन हुने क्षेत्रः** तारारवोला गाउँपालिका
- **आवश्यक न्युनतम बाखा संख्याः** न्युनतम १५० माउँ बाखा प्रति पकेट।

<u>संलग्न गर्नपर्ने कागजातहरुः</u>

- रितपुर्वकको निवेदन ।
- व्यावसायिक कार्ययोजना सहितको प्रस्तावना ।
- कृषक समुह/कृषि सहकारी/कृषि फार्मको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- कृषक समुह/कृषि सहकारी/कृषि फार्म/कृषि उद्यमीको नाम, ठेगाना, सम्पर्क नं., कार्यक्रम संचालन गरिने वाली र क्षेत्रफल उल्लेख भएको हुनुपर्ने ।
- कृषक समुह/कृषि सहकारी/कृषि फार्म/कृषि उद्यमीले कार्यक्रम संचालन गरिने वाली र क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपी ।
- कार्यक्रम संचालन हुने स्थानको जग्गाको स्वामित्व देखिने कागजातहरुको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको करारनामा ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

Sharma.
2077/05/18

website:- www.tarakholamun.gov.np Email.id :- ito.tarakholamun@gmail.com

"कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पुर्वाधारः
समृद्ध, समन्यायीक तारारवोला विकासको मूल आधार"